(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

# कार्य सञ्चालन कोष ऐन, २०४३

लालमोहर र प्रकाशन मिति
२०४३।७।२४

संशोधन गर्ने ऐनप्रमाणीकरण र प्रकाशन मिति
गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ ➨ २०६६।१०।७

२०४३ सालको ऐन नं. १३

2......................

कार्य सञ्चालन कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: आर्थिक प्रशासनलाई बढी सरल र सुविधाजनक बनाई विकासको गतिलाई तीव्र पार्न तथा सर्वसाधारण जनतालाई आर्थिक सुविधा पुऱ्याउन कार्य सञ्चालन कोष सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "कार्य सञ्चालन कोष ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको कार्य सञ्चालन कोष सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मन्त्रिपरिषद् सचिवालयलाई समेत जनाउँछ ।

---

➨ यो ऐन संवत् २०६५ साल जेठ१५गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(ग) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनु पर्छ र सो शब्दले सरकारी कारोबार गर्ने अन्य बैंक समेतलाई जनाउँछ ।

(घ) "गत आर्थिक वर्ष" भन्नाले चालू आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्ष सम्झनु पर्छ ।

३. कोषको स्थापनाः (१) मन्त्रालयले आवश्यक देखेमा आफ्नो उत्पादन वा सेवा बिक्री गरी आर्जन गर्ने निकायको लागि विशेष कार्य सञ्चालन गर्न कार्य सञ्चालन कोषको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा हुनेछन्ः–

(क) प्रत्येक आर्थिक वर्षमा विनियोजन ऐनद्वारा छुट्याइएको रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा सञ्चित कोषमा दाखिल हुने आम्दानीबाट नेपाल सरकारबाट तोकिए बमोजिम छुट्याइएको रकम ।

४. कोषको स्थापना गर्दाको कार्यविधिः कोषको स्थापना गर्नको लागि सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयको सहमति लिई नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय गराउनु पर्नेछ ।

५. कोषको सञ्चालनः (१) कोषको सञ्चालन गर्न बैंकमा सरकारी खाता सरह खाता खोली सञ्चालन गर्नु पर्नेछ ।

(२) कच्चा पदार्थ तथा स्पेयर पार्टस् खरिद गर्नुपर्ने निकायहरुमा दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम छुट्याईएको रकमबाट पच्चीस प्रतिशत रकम कच्चा पदार्थ तथा स्पेयर पार्टस् खरिद गर्न छुट्याई राख्नु पर्नेछ ।

६. कोषको हिसाब पेश गर्नेः कोषको सञ्चालन गर्नको निमित्त मन्त्रालयले तोकिदिएको अधिकारीले कोषको यथार्थ हिसाब आर्थिक वर्ष अन्त भएको पन्ध्र दिनभित्र महालेखा नियन्त्रक समक्ष पेश गर्नु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

७. <u>कोषको रकम जिम्मेवारी सारिने:</u> गत आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रकम प्रत्येक आर्थिक वर्षको प्रारम्भमा कोषमा जिम्मेवारी सारिनेछ ।

८. <u>कोषको रकम सञ्चित कोषमा सार्न सकिने:</u> मन्त्रालयले चाहेमा कोषको मौज्दात रकम आंशिक वा पूर्णरुपमा सञ्चित कोषमा दाखिल गर्न सक्नेछ ।

९. <u>कोषको लेखापरीक्षण:</u> कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१०. <u>नियम बनाउने अधिकार:</u> यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

---

<u>द्रष्टव्य:</u> केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।